## अनुदानमा प्रांगारिक मल वितरण कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

*मन्त्रीस्तरबाट स्वीकृत मिति २०७८।०७।०८*

**प्रस्तावना:** प्रदेशमा प्राङ्गारिक खेती प्रवर्द्धन गर्न प्रांगारिक मलको प्रयोग बढाई कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले अनुदानमा प्रांगारिक मल वितरण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

### १. प्राविधिक पक्ष

(क) "प्राङ्गारिक मल" भन्नाले प्राणी वा वनस्पतिजन्य वा त्यस्तो दुवै प्रकारका सामाग्रीलाई पूर्ण रुपमा बिघटन (डिकम्पोज) गरी पोषण तत्व बृद्धि गर्न वा अन्य कुनै प्रयोजनका लागि रासायनिक श्रोतका (सिन्थेटिक केमिकल्स) सामाग्रीहरु नमिसाइकन धुलो, दानादार वा झोलको रुपमा बनाइएको बाली बिरुवाको पोषणका लागि प्रयोग गरिने कार्वनयुक्त पदार्थ सम्झनु पर्छ।

(ख) अनुदानमा वितरण गरिने प्राङ्गारिक मलको मापदण्ड, गुणस्तर तथा अन्य व्यवस्था "प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८" बमोजिम हुनेछ।

(ग) यो कार्यक्रम सञ्चालनका लागि कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्।

(घ) बालीको प्रकार, खेती गरिने क्षेत्रफल, बाली सघनता र कृषकको मागका आधारमा प्रति अनुदानग्राहीलाई उपलब्ध गराइने प्राङ्गारिक मलको परिमाण सम्बन्धित कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ। तर, प्रति अनुदानग्राहीलाई उपलब्ध गराइने प्राङ्गारिक मलको परिमाण अधिकतम ५ मेट्रिक टन भन्दा बढी हुने छैन।

(ङ) अनुदानमा प्राङ्गारिक मल वितरण गर्दा विगतमा चक्लावन्दी भएका स्थानहरुलाई प्राथमिकता दिईनेछ।

### २. आर्थिक पक्ष

(क) स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही कुल लागतको बढीमा ७५ प्रतिशत अनुदानमा प्राङ्गारिक मल उपलब्ध गराउन सकिनेछ।

### ३. मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनका आधार | अंकभार |
|---|---|---|
| १. | **खेती गरिएको क्षेत्रफल** | २० |
| क) | न्यूनतम २ रोपनी क्षेत्रफलमा कुनै बालीको व्यवसायिक खेती गर्नेको हकमा ५ अंक प्रदान गर्ने र थप क्षेत्रफलका लागि प्रति २ रोपनी १ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने | २० |

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

| | | |
|---|---|---|
| **२.** | **खेती अभ्यास** | **१०** |
| क) | प्राङ्गारिक मल, गोठेमल, तथा जीवाणु मलको मात्र प्रयोग गरी खेती गरिने | १० |
| ख) | रासायनिक मलको समेत प्रयोग गरी खेती गरिने | ५ |
| **३.** | **व्यवसायिक खेती गरिएको/गरिने बालीको प्रकार** | **१०** |
| क) | स्याउ, सुन्तला, आलु र तरकारी बाली | १० |
| ख) | (क) बाहेकका अन्य बाली | ५ |
| **४.** | **अनुदानको अवस्था** | **५** |
| क) | अघिल्ला दुई आ.व.मा अनुदानमा प्राङ्गारिक मल प्राप्त नगरेको | ५ |
| ख) | अघिल्ला दुई आ.व. मा अनुदानमा प्राङ्गारिक मल प्राप्त गरेको | २ |
| **५.** | **चक्लावन्दी भएको जमिनमा प्राङ्गारिक मल प्रयोग गर्ने प्रस्ताव** | **५** |
| | **जम्मा** | **५०** |

**४. प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) कृषक समूह/ कृषि सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि, कृषकको हकमा निजको नागरिकताको प्रतिलिपि।

**५. प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक कृषक/संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः | कृषक/प्रोपाईटर/अध्यक्षको नामः<br><br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br><br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

**ख) सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नाम | प्राङ्गारिक मल प्रयोग गरिने बाली | प्राङ्गारिक मल प्रयोग हुने बालीको क्षेत्रफल (रोपनी) | औषत उत्पादन (के.जी) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**ग) अपेक्षित कुल उत्पादन परिमाणः**

**घ) खेती अभ्यास (रासायनिक मलको प्रयोग गरिने वा नगरिने):**

**ङ) प्रयोग हुने प्राङ्गारिक मलको परिमाणः**

| क.सं. | विवरण | एकाइ | परिमाण |
|---|---|---|---|
| १ | कुल आवश्यक प्राङ्गारिक मल | | |
| २ | अनुदानमा माग गरेको प्राङ्गारिक मल | | |
| ३ | आफ्नै लगानीमा प्रयोग गरिने प्राङ्गारिक मल | | |

**(च) अन्य बिषय केही भए उल्लेख गर्नुहोस्।**